गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

बैठक संख्या ....

आज मिति २०८३।०६।१४ गतेका दिन यस गैडहवा गाउँपालिका,रुपन्देहीका अध्यक्ष श्री सुरेन्द्र पौड्यालको अध्यक्षतामा र देहायका गाउँ कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समयः दिउँसो २ बजे

स्थानः गाउँकार्यपालिकाको बैठक कक्ष

उपस्थिति

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरेन्द्र पौड्याल | अध्यक्ष | |
| २ | श्री माधुरी जैसवाल | उपाध्यक्ष | |
| ३ | श्री प्रदिप कुमार चौधरी | सदस्य | |
| ४ | श्री सराजुद्दीन धुनिया | सदस्य | |
| ५ | श्री राम अजोर यादव | सदस्य | |
| ६ | श्री सुरेन्द्र सिंह कुर्मी | सदस्य | |
| ७ | श्री विजयकुमार शर्मा | सदस्य | |
| ८ | श्री राजकुमार लोध | सदस्य | |
| ९ | श्री लालबहादुर केवट | सदस्य | |
| १० | श्री भुवनबहादुर राना मगर | सदस्य | |
| ११ | श्री मिना क्षेत्री | सदस्य | |
| १२ | श्री लता चौधरी | सदस्य | |
| १३ | श्री शोभा अहिर | सदस्य | शोभा |
| १४ | श्री कैलासी पासिन | सदस्य | कैलासी |
| १५ | श्री कलावती चमार | सदस्य | |
| १६ | श्री श्रीराम कलवार | सदस्य | श्रीराम |
| १७ | श्री बाबुलाल धोवी | सदस्य | |
| १८ | श्री अनिता वि क थारू | सदस्य सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १. | यमकान्त पौडेल | प्र.प्र.अ. | |
| २. | रचना गौतम | व.प्रशासकीय अधिकृत | |
| ३. | विवेक के.सी. | व.इन्जिनियर | |
| ४. | | | |

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमाणीकरण

अनिता वि.क. थारु
प्रमुख प्रशासकीय अधिकृत

<u>प्रस्तावहरु:</u>

१. पुरानो बैठकको समीक्षा सम्बन्धमा।
२. बाटो निर्माण सम्वन्धमा ।
३. उपभोक्ता समिति गठन सम्वन्धमा ।
४. विविध सम्बन्धमा ।
  - सडक मर्मत सम्बन्धमा ।
  - पोहवा मा.वि. भवन निर्माण सम्बन्धमा ।
  - घ बर्गको ईजाजत पत्र उपलब्ध गराउने सम्वन्धी ।
  - परियोजनाको विवरण सम्बन्धमा ।

<u>निर्णयहरु:</u>

<u>निर्णय नं. १</u> प्रस्ताव नं १ माथि छलफल गर्दा गत बैठकका निर्णयहरूको कार्यान्वयन अवस्था सन्तोषजनक पाईयो ।

<u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको सडक गुरु योजना तयार नभएको अवस्थामा रहेको तथा यस गाउँपालिका अन्तर्गत लालपुरदेखि गैडहवा ताल जाने सडक कालोपत्रे (संघीय सरकारबाट हस्तान्तरित समपूरक अनुदान) सडक खण्ड वन क्षेत्र भित्र पर्ने भएकोले जिल्ला वन कार्यालय रुपन्देहीसँग आवश्यक समन्वय गरि उक्त सडकको Road width ५ (पाँच)मिटर कायम गरी निर्माण कार्य अगाडि बढाउन आवश्यक समन्वय तथा सहजीकरण गर्ने निर्णय गरियो। साथै लालपुर बगाहा हुँदै सानो गैडहवा जाने बाटो कालोपत्रे (प्रदेश सरकार समपुरक अनुदान) अन्तर्गत हालसम्म अगाडि बढि सकेको सडकको कालोपत्रे चौडाई सँग समान हुने गरी ४(चार) मिटर चौडाई कायम गरी बाँकी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो।

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व.२०८३/८४ मा यस कार्यालय मातहतका वडा कार्यालयबाट उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुको सूचनाको ढाँचा तयार गरी उपभोक्ता समिति गठन गर्नको लागि कम्तिमा ७ दिने सूचना जारी गर्ने गरी वडा कार्यालयलाई पत्राचार गर्ने र पालिका स्तरीय योजनाहरुको उपभोक्ता समिति गठन गर्नको लागि पालिकाका अध्यक्ष/उपाध्यक्ष वा तोकेको कार्यपालिका सदस्यको रोहवरमा उपभोक्ता समिति गठन गर्नको लागि सूचना जारी गर्ने निर्णय गरियो ।

सुरेन्द्र पौडयाल
अध्यक्ष

प्रमाणिकरण
अनिता वि.क. थारु
प्रमुख प्रशासकीय अधिकृत

गैडहवा गाउँपालिका
गाउँपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

<u>निर्णय नं. ४</u>

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भौतिक सघन शहरी तथा भवन निर्माण आयोजना भैरहवा, रुपन्देही मार्फत प्राप्त भएको पत्र तथा कार्यविधि बमोजिम शहरी सडक स्तरोन्नति, मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयको लागि तपसिल बमोजिमका योजनाहरु प्राथमिकताका आधारमा छनौट गरी सिफारिस गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

| क्र.म | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १. | जोगडा बजार देखि सडहवा जानो बाटो | गैडहवा २ |
| २. | NIC देखि ५ नं. वडा कार्यालय जाने बाटो | गैडहवा ५ |
| ३. | रजबोहवा प्रतिक्षालय देखि शान्तिबजार जाने बाटो | गैडहवा ७ |
| ४. | समावेशी टोल देखी लखनौती जाने बाटो | गैडहवा ९ |
| ५. | केवटलिया देखि कर्महवा हेल्थपोष्ट जाने बाटो | गैडहवा ३ |

<u>निर्णय नं. ५</u>

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गैडहवा गाउँपालिकाको वडा नं ४ पोहवा मा.वि भवन निर्माणको लागि २०८३।०८४ को विनियोजित बजेटबाट निर्माण कार्य अधुरो हुने देखिएकोले विद्यालयबाट रु.२,००,०००। (दुई लाख रुपैयाँ मात्र) संघीय विशेष समपुरक योजना लागत साझेदारी शिर्षकबाट रु.१,००,०००। (एक लाख रुपैयाँ मात्र) गरी जम्मा रु. ३,००,००० (तीन लाख रुपैयाँ मात्र) रकम थप गरी ठेक्का प्रक्रिया अगाडी बढाउनको लागि स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिल बमोजिमको घ वर्गको निर्माण व्यवसायि ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

तपसिलः

क. दिगो कन्स्ट्रकशन गैडहवा ३ लोन्डिहवा

सुरेन्द्र पौडयाल
अध्यक्ष

प्रमाणीकरण

[signature]

अनिता वि.क. थारु
प्रमुख प्रशासकीय अधिकृत

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

<u>निर्णय नं. ७</u>

प्रस्ताव नं. ७ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीको पत्रानुसार भारत सरकारको आर्थिक सहयोगमा भारत सरकार र यस स्थानीय तहबीच समझदारी (MOU) भई कुनै पनि योजनाहरु गैडहवा गाउँपालिकामा सञ्चालन तथा कार्यान्वयन नभएको जानकारी अनुसार सोही बमोजिमको पत्राचार गर्ने निर्णय गरियो।

[signature]

सुरेन्द्र पौडयाल
अध्यक्ष